## म्याग्दे गाउँपालिका

---

## स्थानीय राजपत्र

---

खण्डः८ संख्याः१ प्रकाशन मितिः

---

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-२**

# नदिजन्य पदार्थ तथा नीजी जग्गाबाट उत्खनन् हुने पदार्थहरुको स्टक प्रमाणित सम्बन्धी निर्देशिका-२०८१

गाउँपालिकाबाट स्वीकृत मितिः२०८१/०२/१७

CamScanner

# नदीजन्य पदार्थ तथा नीजी जग्गाबाट उत्खनन् हुने पदार्थहरुको स्टक प्रमाणित सम्बन्धी निर्देशिका-२०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८१।०२।१७

**प्रस्तावना:**

स्याग्दे गाउँपालिकाको क्षेत्र भित्रका सेती नदी, स्याग्दे खोला, सागे खोला, गुणादी खोला, स्याङ्गदे खोला , छिर्दी खोला, लगाएत आसपासका खहरेहरु वाट संकलन र उत्खनन् हुने नदीजन्य ( ढुङ्गा, गिटी, वालुवा, गेग्रान आदी र नीजि जग्गा वाट उत्खनन् हुने माटो लगाएत ढुङ्गा, गिटी, वालुवा, गेग्रान आदी को उचित व्यवस्थापन गरी विकी वितरण गर्न र सार्वजनिक निर्माण कार्यलाई सहज वनाउन तथा आन्तरिक राजश्व चुहावट नियन्त्रण गर्नको लागी स्याग्दे गाउँपालिकाको स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७६ को परिच्छेद ८ दफा ५७ को उपदफा २ तथा दफा ६६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र ढुङ्गा गिटी वालुवा उत्खनन् विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा २० ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो निर्देशिका वनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : १) यस निर्देशिकाको नाम स्याग्दे गाउँपालिकाको नदीजन्य पदार्थ तथा नीजी जग्गावाट उत्खनन् हुने पदार्थहरुको स्टक प्रमाणित सम्वन्धी निर्देशिका २०८१ रहेको छ ।

**२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।**

**३,परिभाषा** : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस निर्देशिकामा

स्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्‌ तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७२

(क) “संविधान ” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “ गाउँपालिका ” स्याग्दे गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष ” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

CamScanner

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) "नदीजन्य पदार्थ" भन्नाले गाउँपालिका, भित्र रहेका सेती नदी, म्याग्दे खोला, सागे खोला, गुणादी खोला, स्याङ्गदे खोला , छिर्दी खोला, लगाएत विभिन्न खोला, खोल्सा तथा नदी किनार वाट आई.ई.ई. स्वीकृत गरी उत्खनन् गरिने ढुङ्गा, गिटी , वालुवा, गेग्रान आदी साधरण निर्वाहामुखी पदार्थलाई जनाउछ ।

(झ) "निजी जग्गाको पदार्थ" भन्नाले गाउँपालिका, भित्र रहेका व्यक्ती वा संघ सस्थाको निजी हकभोगमा रहेका (खानी वाहेकका ) जग्गा वाट ३०० घनमिटर सम्म उत्खनन् हुनेको हकमा सोझै र ३०० घन मिटर भन्दा वढी उत्खनन् हुनेको हकमा आई ई ई स्वीकृत गराई उत्खनन् हुने तथा गरिने माटो लगाएत ढुङ्गा, गिटी , वालुवा, गेग्रान आदी साधरण निर्वाहामुखी पदार्थलाई जनाउछ ।

(ञ) "वडा" भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "सिफारीस समिति " भन्नाले दफा ४ को उपदफा ४ बमोजिमको सिफारीस समिति सम्झनु पर्दछ ।

(ड) "अनुगमन समिति" भन्नाले दफा ९ को समिति सम्झनु पर्दछ ।

(ढ) "मापदण्ड " भन्नाले ढुङ्गा गिटी , वालुवा उत्खनन् , विकी, तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ तथा पहिलो संशोधन २०७९ समेत लाई जनाउदछ ।

(ण) स्टक मालसामान भन्नाले :- नियमानुसार अनुमती पाई उत्खनन् सगै विकी गर्न नसकी निजी जग्गामा स्टक गरी राखेको नदीजन्य पदार्थ तथा निजी जग्गाको माटो लगाएतको पदार्थ लाई जनाउछ ।

(त) राजश्व परामर्श समिति भन्नाले:- तोकीएको राजश्व परामर्श समितिलाई जनाउछ ।

***(४) संकलीत मालसामानको स्टक ( मौज्दात ) प्रमाणीत सम्वन्धी व्यवस्था*** (१) म्याग्दे गाउँपालिकाले प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम राजश्व असुलिमा असर नपर्ने

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाब्दु तनहुँ
गण्डकी प्रदेश नेपाल

...प्रसाद श्रेष्ठ
अध्यक्ष

CS CamScanner

गरी प्रत्येक आर्थिक वर्षमा वढीमा तिन पटक ठेक्का सुचना प्रकाशन गरी ठेक्का लगाएका नदी जन्य पदार्थहरु तथा पटक पटक गरी ३ पटक ठेक्का लगाउदा पनी ठेक्का वन्दोवस्त नभएको वा नलागेको अवस्थामा गाउँकार्यपालिकाको निर्णय अनुसार अमानतवाट अनुमती लिई उत्खनन् भएका नदी जन्य पदार्थहरु र गण्डकी प्रदेशको आर्थिक ऐन अनुसार जग्गा सम्याउने प्रयोजनार्थ माटो विक्रीको लागी निजी जग्गाको माटो लगाएत अन्य पदार्थहरु ( खानीजन्य पदार्थ वाहेकको हकमा ) गाउँपालिकाबाट अनुमती लिई नियमानुसार मात्र उत्खनन् गरी तोकीएको समयमा विक्री गर्न नसेका जुन आफ्नो हकभोगको जग्गा वा भाडा सम्झौता अनुसार निजी जग्गामा स्टक गरी राखेका नदी जन्य साधरण निर्वाहामुखी सामाग्रीहरु तथा निजी जग्गाका माटो लगाएतको सामाग्रीहरु सम्वन्धीत व्यक्ती, सस्था तथा कम्पनीले वडाको सिफारीस सहित अनुसुचि ४ बमोजिम दिएको निवेदन मा गाउँपालिका प्राविधिक वाट फिल्ड अध्यन गरी . मौज्दातको परिणाम एकिन गरेअनुसार को मालसामान राजश्व परामर्श समिति र कार्यपालिकाको निर्णय अनुसार प्रत्येक आर्थिक वर्षको आषाढ मसान्त भित्र गरिने मौजदात प्रमाणीकरणलाई वुझिन्छ ।

**(५) स्टक (मौज्दात )प्रमाणीत मालसामानको विक्री वितरण सम्बन्धी व्यवस्था** (१) दफा ४ बमोजिम स्टक प्रमाणीत भएका सामाग्रीहरु हकवाला/ स्वामीत्ववाला/ वा मालसामानको धनीले स्टक प्रमाणीत भएको मिति वा प्रत्येक आर्थिक वर्षको श्रावण १ देखी वढीमा सोही आर्थिक वर्षको कात्तिक मसान्त ( ४) महीना भित्र प्रचलीत नियमानुसार विक्री वितरणको व्यवस्था मिलाउनुपर्ने छ ।

२,. जुन दिन स्टकजन्य पदार्थ उठाई लाने हो सोही दिन विक्री वितरण गर्ने व्यवस्था अनुमती प्राप्त समुहले आफै मिलाउनु पर्नेछ ।

३, . राष्ट्रिय गौरवको आयोजना तथा गाउँपालिका लें सञ्चालन गर्ने आयोजनाको हकमा ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १२ बमोजिम हुनेछ ।

**(६) स्टक (मौज्दात )प्रमाणीकरणको लागी सूचना प्रकाशन सम्वन्धी व्यवस्था** (१) दफा ४ बमोजिम स्टक प्रमाणीत गर्ने प्रयोजनको लागी कार्यालयले प्रत्येक आर्थिक वर्षको जेष्ठ २० गते भित्र कम्तीमा १० दिनको समय दिई स्थानीय पत्रिका, वेभसाईट मार्फत अनुसुचि १ बमोजिमको ढाँचामा सूचना प्रकाशन तथा आव्हान गर्नुपर्ने छ ।

(२) उपदफा १ बमोजिम प्रकाशित सूचना अनुसार नियमानुसार स्टक रहन गएको स्टक माल को हकमा स्टक माल धनीले कार्यालयमा रित पुर्वकको निवेदन सहित स्टक रहेको यथार्थ परिणाम सहित पुष्ट्याईका आवश्यक कागजातहरु पेश गर्नुपर्ने छ ।

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ्ग्रु तनहुँ गण्डकी प्रदेश नेपाल २०७३

श्रीप्रसाद श्रेष्ठ अध्यक्ष

CamScanner

(३) प्रकाशित सुचना भित्र स्टक रहेको मालको सम्बन्धमा सरोकारबाट हकभोग तथा दावी निवेदन नगरेमा निजी जग्गामा रहेको भयता पनी त्यस्ता नदी जन्य पदार्थहरु स्वतह अवैध हुने सगै सो मालसामानहरु गाउँपालिकाको सम्पती कायम हुनेछ ।

**(७) स्टक (मौज्दात )प्रमाणीकरण अनुमती सम्वन्धमा** (१) उपदफा ४ बमोजिम स्टक प्रमाणीत गर्नुपर्ने मालसामानको प्राविधिक प्रतिवेदन सगै यथार्थ छानविन गरी दिन मिल्ने ठहर भएको माल तथा परिणामको आधारमा राजश्व परामर्श समिति, र गाउँकार्यपालिकाको निर्णय अनुसार अनुसचि २ अनुसारको प्रमाणीकरण पत्र र अनुसचि ३ अनुसारको पत्र कार्यालयले सम्बन्धीत निवेदकलाई निवेदन दिएको मितिले १५ दिन भित्र दिनुपर्ने छ ।

(.२) स्टक जन्य पदार्थ विकीको लागी उठाईलादा श्रममुलक प्रविधिको उपयोग गरी, घरेलु हाते औजार ( कुटो कोदालो, सावेल आदी ) मात्र प्रयोग गर्न सकिनेछ। मेशीन प्रयोग गर्नुपर्ने अवस्थामा गाउँ कार्यापालिकाको निर्णय बमोजिम हुनेछ ।

(३) स्टकजन्य पदार्थको उत्खनन तथा विकी वितरण कार्य विहान ६ वजे देखी वेलुका ६ वजे सम्म गर्न सकिने छ ।

(४) स्टकजन्य पदार्थ उठाउदा गाउँपालिकाको राजश्व व्यवस्थापन उपशाखा, वातावरण शाखा र सम्वन्धीत वडाको वडा प्राविधिक वा अन्य तोकेको प्राविधिक सहितको टिमले गरेको रेखाङ्कन भित्र वाट मात्र गर्नुपर्ने छ ।

(५) स्टकजन्य पदार्थको उत्खनन् संकलन तथा विकी वितरण कार्यमा वालश्रमको प्रयोग गर्न पाईने छैन ।

(६) स्टकजन्य पदार्थको उत्खनन् संकलन कार्यमा संलग्न कामदारहरुले अनिवार्य सुरक्षा सामाग्री लगाई कार्य गर्नुपर्ने छ । सुरक्षा सामाग्री प्रयोग नगरी कार्य गरे वा वर्षातको समयमा खोलाले वगाई मानवीय क्षती हुन गएमा सो को जिम्मेवार अनुमती प्राप्त समुह वा स्वयम कामदार नै हुनुपर्ने छ ।

(७) स्टक प्रमाणीत प्रतिवेदनमा तोकीएको परिणाम र गहीराई भन्दा वढी उत्खनन् गर्न पाईने छैन ।

(८) विपदजन्य जोखीम हुनेगरी स्टकजन्य पदार्थको उत्खनन् , संकलन र विकी गर्न पाईन छैन।

(९) सार्वजनिक जग्गा, वनक्षेत्र, नदी किनार, सरकारी तथा संघ सस्थाको हकभोग र स्वामित्वमा रहेको जग्गा र भाडा सम्झौता नभएको अन्य व्यक्तीको हकभोग भित्रको जग्गामा स्टक रहेको मालसामान प्रमाणीकरण हुने छैन । त्यस्ता स्थानमा राखेको मालसामान स्वतह गाउँपालिकाको हक हुनेछ। त्यस्ता सामाग्रीहरु गाउँपालिकाको सम्पती कायम गरी स्वतह लिलाम विकी गर्नुपर्नेछ ।

**८. स्टक प्रमाणीत सामाग्रीको ओसारपसार सम्वन्धी व्यवस्था :**

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्, तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

१, स्टकजन्य पदार्थको ओसार पसार गर्ने व्यवस्था स्वयम अनुमती प्राप्त ब्यक्ती सस्था वा निकाय ले मिलाउनु पर्नेछ ।

२, स्टकजन्य पदार्थको ओसारपसार गर्ने सवारी साधनलाई अनुमती प्राप्तकर्ताले अनुसुचि ३ बमोजिमको निस्सा उपलब्ध गराउनुपर्ने छ । उक्त निस्सा र कर तिरेको रसिद एक प्रति सवारीचालकले राखी चेकजाचको समयमा देखाउनु पर्नेछ ।

३. त्यसरी निस्सा र कर तिरेको रसिद नलिई हिडेका सवारी साधनलाई नगर प्रहरी तथा सुरक्षाकर्मिले जाचपड्ताल गरी आवश्यक कारवाहीको लागी गाउँपालिकामा वुझाउनु पर्नेछ ।

**९. अनुगमन सम्वन्धी व्यवस्था** : ढुङ्गा गिटी वालुवा उत्खनन् विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ बमोजिम गाउँपालिकामा नदीजन्य पदार्थको उत्खनन् विकी, स्टक विकी र व्यवस्थापन कार्य यस कार्यविधि र वातावरणीय अध्यन प्रर्तिवेदन बमोजिम भए नंभएको नियमीत अनुगमन गर्न देहाएको स्थानीय अनुगमन समिति रहनेछ ।

१, गाउँपालिका अध्यक्ष :– संयोजक

२, गाउँपालिका उपाध्यक्ष :– सदस्य

३, गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत :– सदस्य

४, सम्वन्धीत वडाको वडा अध्यक्ष :– सदस्य

५, वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक:– संदस्य

६, गाउँपालिका लेखा प्रमुख :– सदस्य

७, वातावरण शाखा प्रमुख :– सदस्य

८, सम्बन्धित वडाको प्राविधिक :– सदस्य

९, स्थानीय प्रहरी प्रमुख : – सदस्य

१०, स्थानीय नगर प्रहरी :– सदस्य

११, गाउँपालिकाको पुर्वाधार शाखा प्रमुख :– सदस्य

१२, राजश्व व्यवस्थापन उपशाखा प्रमुख :– सदस्य सचिव

**१०. नियम विपरित गर्ने लाई कारवाही** : वातावरण संरक्षण ऐन २०७६ र तत्सम्वन्धी नियमावली मापदण्ड, वातावरणीय परिक्षण प्रर्तिवेदन एवं यस निर्देशिका र गाउँकार्यपालिका को निर्णय विपरित कार्यगर्ने लाई प्रचलीत कानुन बमोजिम कारवाही हुनेछ ।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घाँसिकुवा तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

**११. दण्ड जरिवना, पुरस्कार र जफत** : यस निर्देशिकामा उल्लेख भएको व्यवस्थासगै गाउँपालिकाबाट अनुमती नलीई कसैले पनि नदीजन्य पदार्थ, निजी जग्गाको उत्खनन् संकलन अवैध रुपमा चोरी, अवैध रुपमा मालसामान स्टक गर्नु हुदैन । यसरी अनुमती विना चोरी गरेको पाईएमा प्रदेश आर्थिक ऐन वा गाउँपालिकाको आर्थिक ऐन अनुसार दण्ड जरिवनासगै माल जफत गरिने छ । पटकै पिच्चे सोही सवारीधनी तथा सवारी प्रयोग गरी चोरी निकाशी अवैध उत्खनन् गरेमा दोब्बर जरीवना गरिनेछ । भने यसरी गरीने दण्ड जरीवना ( शुरु मुल्यवरावरको मात्र ) को हकमा समाती ल्याउने नेपाल प्रहरीलाई गाउँपालिकाको आर्थिक ऐन अनुसार वढीमा २५ प्रतिसत रकम पुरस्कार दिईनेछ ।

**१२. वाधा अडकाउ फुकाउने** : यस निर्देशिका कार्यन्वयनमा कुनै वाधा अड्चन आएमा गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१३. प्रचलीत कानुन बमोजिम हुने** : यस निर्देशिकामा लेखीएका कुराहरु वाहेक अन्य कुराहरुको हकमा वातावरण संरक्षण ऐन २०७६, एंव प्रचलीत संघिय, प्रदेश रु स्थानीय कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**१४. निर्देशिका लागु** : १) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट म्याग्दे गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

**१५. निर्देशिकामा परिर्माजन तथा शंशोधन** : यस निर्देशिकाको कार्यन्वयनमा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन, र खारेज गर्न सक्नेछ ।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाब्दु तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

(हस्ताक्षर)
...प्रसाद श्रेष्ठ
अध्यक्ष

# अनुसुचि १
## ( निर्देशिकाको दफा ६ को १ सग सम्वन्धीत )
म्याग्दे गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय छाङ्ग तनहुँ

नदीजन्य तथा निजी जग्गाबाट नियमानुसार उत्खनन् भएका पदार्थको स्रोत पुष्टि सहित मौज्दात प्रमाणीत सम्वन्धी सूचना !

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था / ढुङ्गा गिटी वालुवा उत्खनन् तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ३ को उपदफा १ को (ग) उपदफा (२) / दफा ७ को उपदफा (६) मा भएको व्यवस्था / मापदण्डको दफा २० ले दिएको अधिकार अर्न्तगत वनेको म्याग्दे गाउँपालिकाको नदीजन्य पदार्थ तथा नीजि जग्गाबाट उत्खनन् हुने पदार्थहरुको मौज्दात प्रमाणीत सम्वन्धी निर्देशिका २०८१ मा भएको व्यवस्था /गाउँकार्यपालिकाको मिति .......... को निर्णय/ ठेक्का सम्झौता तथा अनुमती प्रदान गरेका अवस्थाका शर्तहरु / आदी लाई मध्येनजर गरी चालु आर्थिक वर्ष ........ मा गाउँपालिकाबाट ठेक्का सम्झौता, अमानत अनुमती, निजी जग्गा अनुमतीलिई उत्खनन्सगै विकी हुन नसकी वाकी रहेका मालसामानहरु जुन म्याग्दे गाउँपालिकाको भौगोलीक क्षेत्र भित्र स्टक रहेकाको हकमा नियमानुसार स्रोत पुष्टि सहित मौज्दात ( स्टक) प्रमाणीतको लागी तपसिल बमोजिमका आधार प्रमाण सहित तपसिल बमोजिमको फर्मेटमा भरी यही मिति २०......... जेष्ठ मसान्त) निवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गरिन्छ। पुनश्च ढुङ्गा गिटी, वालुवा उत्खनन् विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को पहिलो संशोधन २०७९ को दफा ४ को उपदफा १६ मा उल्लेखीत प्रावधान अनुसार असार देखी भाद्र सम्म सवै किसिमका उत्खनन् कार्यहरु वन्द गर्नुपर्ने व्यबस्था बमोजिम सो समयमा कसैले पनी नदीजन्य पदार्थहरु उत्खनन् नगर्नुहुन तथा यस अगाडी प्रदान गरेको अनुमती अवधी समेत स्वतह समाप्त हुनेहुदा सोही अनुसार गर्नुगराउनुहुन सरोकार सवैलाई यसै सूचना मार्फत जानकारी सगै निषेधित समयमा र अनुमती विना गैह्रकानुनी रुपमा उत्खनन् गरेमा नियमानुसार कडा कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।

**(क) निवेदन सगै तपसिल बमोजिमको विवरण फर्मेट**

| सि. नं. | नदीको नाम/घाटको नाम/निजी जग्गाको नाम | स्टक रहेको स्थान( वडा न. , टोल, जग्गाको सीट न. कित्ता न | ठेक्का , अमानत, निजी जग्गा अर्न्तगत अनुमती लिएको मालको परिणाम | २०....जेष्ठ अन्तिम सम्म विकी भएको परिणाम | २०....जेष्ठ अन्तिममा स्टक प्रमाणीतको लागी दावी गरिएको मौज्दात रहेको परिणाम |
|---|---|---|---|---|---|
| | | | | | |

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

**(ख) पेश गर्नुपर्ने तपसिल ( आधार प्रमाण तथा कागजातहरु )**

१, मापदण्डको अनुसचि २ ( ख) बमोजिम वा ठेक्का सम्झौताको शर्तहरु पालना गरेको विवरण तथा कागजातहरु ।

२, मापदण्डको दफा ६ तथा अनुसुचि ४ (क) अनुसार को दैनिक उत्खनन् अभिलेख /अनुसचि ४(ख) बमोजिमको दैनिक पटके विकी वा ढुवानी अभिलेख तेरीज र घाट गद्धी विवरण

३, निवेदन सगै विकी तथा अन्यत्र प्रयोग हुननसकी वाकी रहेको मालसामानको स्टक (मौज्दात ) को स्पष्ट विवरण खुल्ने तथा स्रोत पुट्याईहुने कागजातहरु ।

४, मालसामान स्टक राखीएको आफ्नो हकभोग भएको जग्गाको लालपुर्जा वा अरु कसैको भाडामा लिएको भए भाडा सम्झौता सगै लालपुर्जाको प्रर्तिलिपि कागजातहरु ।

५, ठेक्काको हकमा ठेक्का सम्झौता र कार्यदेश / निजी जग्गा उत्खननको हकमा अनुमती पत्र र राजश्व तिरेको रसिद/ अमानतको हकमा अमानत आदेशको पत्र र राजश्व बुझाएको रसिद ।

६, गाउँपालिका प्राविधिक वाट स्रोत पुष्टि सहित मालसामानको. फिल्ड प्रर्तिवेदन भेरीफाई गरेको कागजात ।

**(ग) नोट:–** गाउँपालिकाको निर्णय तथा प्रचलीत कानुन र यसरी प्रकाशित भएको सूचना लाई अटेरी गरी समयमा नै स्टक प्रमाणीत नगरेमा/ स्टक प्रमाणीत नभएको मालसामान उपर हकदावी गरेमा / स्टक प्रमाणीत नभएको मालसामान स्वत अवैधानीक हुने हुदा गाउँपालिका वाट जफत गरी मापदण्डको दफा ९ को उपदफा १० बमोजिम लिलाम विकी गरिने/ नदी किनार, वन वा सार्वजनिक क्षेत्रमा स्टक गरेको मालसामान, मापदण्डको दफा ७ को उपदफा ५ बमोजिम जफत सगै आर्थिक वर्षको अन्त्यमा लिलाम विकी गरिनेछ ।

अनुसुचि-२
( निर्देशिकाको दफा ७ को १ सग सम्वन्धीत )
म्यान्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय छाङ्ग तनहुँ

पत्र संख्या २०८०।८१
चलानी नं.:.........

मिति

**विषय : विकी गर्न बाकी स्टक (मौज्दात) प्रमाणित सम्बन्धमा ।**

श्री ..........................................

**श्री जो जस सग सम्बन्धीत छ**

प्रस्तुत विषय सम्बन्धमा यस म्याग्दे गाउँपालिका तनहुँबाट स्रोत पुष्टि सहित स्टक प्रमाणीकरणको लागी मिति २०८ ।। प्रकाशित सूचना अनुसार तपाई श्री ..............ले गाउँपालिकाबाट मिति २०८ ।.....।... गते प्रकाशित ठेक्का सुचना न.......... /अमानत अनुमती च.न. ........../ निजी जग्गा अनुमती च.न. ..............अनुसार ......नदी, /खोला /खोल्सा /निजी जग्गाको /माटो, ढुङ्गा, गिट्टी वालुवा र रोडा निकासी सम्बन्धी वोलपत्र आव्हानको सुचना /अनुमतीपत्र बमोजिम ताहा ..... कम्पनी /, व्यक्ती/ सस्था /लाई ठेक्का परी/ अनुमती दिई / सो ठेक्काको/ अनुमतीको/ समयअवधि मिति २०८ ।.....।... गते सम्म गाउँपालिकावाट अनुमति दिएको ...... घनमिटर मध्ये सोही अवधी भित्र ताहा कम्पनी/व्यक्ती/सस्थाले/ उत्खनन् गरी ..... घनमिटर विकी गरेको र अझै .......... घन मिटर ढुङ्गा, गिटी, वालुवा, माटो विकीगर्न वाकीरहेको ले सो स्टक मिति २०८... कात्तिक मसान्त सम्म विकी गर्नको लागी स्टक विवरण प्रमाणित गरिपाउ भनि कम्पनी/व्यक्ती/सस्था वाट मिति २०८ । । , गते लेखीआएको निवेदन र सो सम्बन्धमा प्राविधिक खटाई फिल्ड प्रर्तिवेदन माग भएकोमा प्राविधिक श्री........ / श्री ........./श्री......... ले दिएको फिल्ड प्रर्तिवेदन समेतको आधारमा ताहा कम्पनीको/व्यक्तीको /सस्थाको / विकी गर्न वाकी रहेको माल म्याग्दे ..... स्थित श्री...................को जग्गामा ........... घनमिटर र श्री .............को जग्गामा ...... घनमिटर गरी जम्मा ............... घन मिटर स्टक रहेको कम्पनीको निवेदन र प्राविधिकको प्रर्तिवेदनबाट वुझिन आएकोहुदा स्टक रहेको सो माल मिति २०८... कात्तिक मसान्त भित्र विकी गर्नेगरी अनुमति दिने सम्बन्धमा मिति २०८ ।.....।...... को राजश्व परामर्श समितिको वैठकको निर्णय तथा मिति २०८ ।..। गाउँ कार्यापालिकाको निर्णय र कार्यालयको टिप्पणी निर्णय समेतका आधारमा सोही वमोजिम विकीको लागी स्टक प्रमाणित तथा अनुमति प्रदान गरिएको व्यहोरा जानकारी गरिन्छ ।

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ्ग तनहुँ गण्डकी प्रदेश नेपाल २०७३

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

नोट :– यो पत्र अनुसार स्टक बिक्रीको कारवाही २०८... कात्तिक मसान्त सम्मको लागी मात्र हुनेछ। साथै स्टक माल बिक्रीगर्दा अनिवार्य भ्याटविल जारी गर्नुहुन, प्रचलित मापदण्ड पालना गर्नुहुन तथा तोकीएको समय भित्र मात्र बिक्री गर्नुहुन अन्यथा नियमानुसार कारवाहीको भागीदार पुर्णरुपमा तपाई कम्पनी /व्यक्ती /सस्था नै हुने व्यहोरा समेत सुचित गरिन्छ। स्टक प्रमाणीत अनुमती प्रदान गरे सगै सम्वन्धीत कम्पनी,/ व्यक्ती,/ सस्था / बाट अनुमती को प्रतिकुल हुनेगरी चोरी निकाशी, गरेमा, तोकीए भन्दा बढी कही कतैबाट उठाएमा, झुष्ठा विवरण पेश गरी अनुमती लिएको पुष्टि भएमा /कर राजश्व छली गर्ने तथा स्थानीय सरकार लाई हानी नोक्शानी गर्ने नियतले काम गरेको पुष्टि भएमा / अरु कसैको मालसामान मिलेमतेमा आफ्नो हो भनी बिक्री वितरण गरेमा /तत्कालै अनुमती खारेज गरी मालसामान जफत सहीत नियमानुसार कारवाही हुनेछ। यसरी कारवाही भएमा सो पश्चातको निवेदन उपर कुनै सुनुवाई हुनेछैन।

प्रमुख प्र.अधिकृत / राजश्व परामर्श स.संयोजक / अध्यक्ष

**वोधार्थ**

श्री जिल्ला समन्वय समिति तनहुँ ( जानकारीको लागी )

श्री जिल्ला प्रशासन कार्यलय तनहुँ ( जानकारीको लागी )

श्री जिल्ला प्रहरी कार्यलय तनहुँ ( जानकारीको लागी )

श्री प्रहरीचौकी थर्पु, /वेलचौतार ,/ भिमाद/ तनहुँ ( यसै अनुसार गर्नु गराउनुहुन ).

श्री प्राविधिक शाखा/ वातावरण तथा सरसफाई शाखा/राजश्व व्यवस्थापन उपशाखा म्याग्दे ( यसै अनुसार अनुगमन गर्नु गराउनुहुन )

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घाँसीकुवा तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

CamScanner

**अनुसुचि ३**

**( निर्देशिकाको दफा ७ को १ सग सम्वन्धीत )**

म्याग्दे गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय छाङ्ग तनहुँ

इजाजत चलानी न. मिति

१. स्टक विकीको लागी अनुमती प्राप्त गर्ने ( व्यक्ती, संघ सस्था,उपभोक्ता, निर्माण व्यवसायी आदी को

नामथर : ठेगना:

सर्म्पक नं :

२, स्टक उठाउने स्थान :

ठेगना :

स्टक भएको माल:– नदी खोला र जग्गाको विवरण :

**चारकिल्ला**

पुर्व : पश्चिम :

उत्तर : दक्षिण :

लम्वाई : चौडाई :

(३) स्टक गरिरहेको क्षेत्र :

(४) स्टक अनुमती परिणाम (घन फिट ):

(५) प्रवेश वा निकाशी गर्ने नाका वा स्थानको नाम :

(६) स्टक निकाशीमा प्रयोग हुने सवारी साधनको विवरण :

(७) अनुमती अवधि मिति ..........................देखी .......... सम्म ( विहान ६ देखी वेलुका ६ सम्म)

**वोधार्थ**

श्री ...................................... ...................................

(अध्यक्ष )

**नोट :**– प्रचलीत कानुन तथा कार्यविधि र मापदण्ड विपरीत स्टक विकी गरेमा सो को कारवाही को भागीदार पुर्ण रपमा अनुमती लिने नै हुनेछ ।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष

## अंनुसुचि ४
### ( निर्देशिकाको दफा ४ को १ सग सम्वन्धीत )

**स्टकमाल व्रिकीको लागी ,अनुमती प्राप्त गर्ने व्यक्ती, संघ सस्था,उपभोक्ता, निर्माण व्यवसायी लगाएत सरोकार आदीले भर्ने निवेदन :**

१, स्टक सामान ढुवानी गर्ने साधनको नाम :

२, गाडी न. :

३, समय :

४, अनुमती अनुसार विगतमा विकी भएको सामानको परिणाम :–

५, अनुमती अनुसार विकी हुन नसकेको वाकी सामाग्रीको परिणाम :– घन फिट /घन मिटर

६, सामाग्री लैजाने स्थान :

७, चालकको नाम :

८, वडाको सिफारिस र च.न.

९, गाउँपालिका सग भएको ठेक्का सम्झौता, कार्यदेश कागजात विवरण

१०, गाउँपालिका वाट प्राप्त अमानत अनुमती च.न. र पत्र सहित विवरण

११, गाउँपालिका वाट प्राप्त निजी जग्गा अनुमती च.न. र पत्र सहित विवरण

१२, स्टक सम्वन्धमा प्राविधिक नापजाच प्रर्तिवेदन

१३,उत्खनन् तथा विकीका अभिलेखहरु

निवेदक तथा अनुमती प्राप्त व्यक्तीको नाम :
दस्तखत :
मिति :
सम्पर्क न.:

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्, तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

आज्ञाले
नारायण प्रसाद अधिकारी
प्रमखु प्रशासकीय अधिकृत

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष